मूल्य रु. ५०००/-
(फिर्ता नहुने)

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
प्रधान कार्यालय, काठमाडौं ।

किटनाशक विषादी खरिदको बोलपत्र कागजात

(२०८३/०८४)

बिषय सूची

१. बोलपत्र आह्वानको सूचना

२. बोलपत्र निवेदन फाराम

३. बोलपत्रदातालाई निर्देशन

४. संम्झौतापत्र (नमूना)

५. अनुसूची – १

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको

किटनाशक विषादी खरिद सम्बन्धि गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

प्रकाशित मितिः २०८३/०६/२२

यस कम्पनीलाई तपशिलमा उल्लेखित भए अनुसारको परिमाण, किसिम र निर्धारित गुणस्तर बमोजिमको किटनाशक विषादि खरिद गर्नुपर्ने भएकोले स्थायी लेखा नं (PAN), मूल्य अभिवृद्धि कर(VAT) मा दर्ता भएका इजाजत प्राप्त इच्छुक फर्म, कम्पनी, संस्थाहरुबाट तपशिलका शर्तहरुको अधिनमा रहने गरी रितपूर्वकको गोप्य शिलबन्दी बोलपत्र (Hardcopy Bidding) आव्हान गरिएको छ ।

क्र. सं.	कार्यालय	खरिद परिमाण					धरौटी रकम (रु.)	बोलपत्र दस्तुर (रु.)
		Aluminum Phosphide (Kg)	Malathion (Ltr)	Zinc Phosphide (Kg)	Omite (Ltr)	Liso Glue board (piece)		
१	प्रादेशिक कार्यालय, विराटनगर	६६	१२	५	०	५०	१,१०,०००/-	५०००/-
२	प्रादेशिक कार्यालय, जनकपुर	१००	५०	०	५	०		
३	प्रादेशिक कार्यालय, बागमति	५०	०	०	०	१००		
४	प्रादेशिक कार्यालय, पोखरा	३२	४३	७	१०	१५		
५	प्रादेशिक कार्यालय, भैरहवा	२३	२	३	२	०		
६	प्रादेशिक कार्यालय, सुर्खेत	७५	१३	१६	५	०		
७	प्रादेशिक कार्यालय, धनगढी	११९	४४	५.५	०.५	०		
८	मुख्य शाखा कार्यालय, विर्तामोड	२५	६	१	१	१००		
९	मुख्य शाखा कार्यालय, लहान	१७	५	१	२	०		
१०	मुख्य शाखा कार्यालय, तुल्सीपुर	४४	२३	८	०	०		
११	मुख्य शाखा कार्यालय, नेपालगंज	१७५	१००	०	५०	५००		
१२	मुख्य शाखा कार्यालय, राजापुर	२००	२००	०	२०	१००		
१३	शाखा कार्यालय, महेन्द्रनगर	४०	२५	०	०	०		
१४	शाखा कार्यालय, विरगंज	५	१०	३	१	०		
कुल परिमाण		९७१	५३३	४९.५	९६.५	८६५		

नोटः–

१. ईच्छुक बोलपत्रदाताले कम्पनीको प्रधान कार्यालय खरिद विभाग (खरिद एकाई) बाट र कम्पनीको वेभसाइट www.fmtc.org.np बाट समेत डाउनलोड गरी मिति २०८३/०७/१२ गते कार्यालय समयभित्र फिर्ता नहुने गरी बोलपत्र दस्तुर वापत रु. ५०००/- दाखिला गरी बोलपत्र कागजात खरिद गरि सक्नु पर्नेछ । मिति २०८३/०७/१२ कार्यालय समय पश्चात् बोलपत्र दस्तुर तिरी खरिद गरिएको बोलपत्र कागजात मान्य हुने छैन ।

२. बोलपत्रदाताले माथि उल्लेखित भए बमोजिमको बोलपत्र दस्तुर र बोलपत्र जमानत धरौटी रकम वापत रु. १,१०,०००।- (एक लाख दश हजार मात्र) यस कम्पनीको नेपाल बैंक लिमिटेड धर्मपथ काठमाण्डौको चल्ती खाता नं. ००२००१००५०२४२४००००१ मा KHADHYA BYABASTHA TATHA BYAPAR COMPANY LIMITED को नाममा तोकिएको समय भित्रै जम्मा गरेको सक्कलै भौचर वा "क" बर्गको वाणिज्य बैंकबाट खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको नाममा तोकिएको समय भित्रै जारी भएको नियमानुसारको बोलपत्र पेश गर्ने अन्तिम मिति देखि ४ महिना अर्थात् १२० दिन अवधिको बैक जमानीपत्र पेश गर्नु पर्नेछ ।

३. २०८३/०७/१३ गते १२:०० बजे भित्र खरिद विभाग (खरिद एकाई) प्रधान कार्यालय काठमाडौंमा बोलपत्र दर्ता गरिसक्नु पर्नेछ। सोही दिन २:०० बजे प्रधान कार्यालय काठमाडौंमा नियमानुसार बोलपत्र खोलिने छ ।

४. बोलपत्रदाताले बोलपत्र फारममा किटनाशक विषादी रकम कबुल गर्दा नियमानुसार लाग्ने कर, ढुवानी भाडा, लोड अनलोड आदि खर्च समावेश गरी सबै कार्यालय र किसिमका किटनाशक विषादीको कुल परिमाणको एकमुष्ठ रुपमा कबोलदर उल्लेख गरि बोलपत्रदाताले बोलपत्रको खाम बाहिर **"किटनाशक विषादी खरिद सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र"** भन्ने उल्लेख गरी तोकिएका सबै कागजात बोलपत्रसाथ संलग्न राखी खाम शिलबन्दी गरी पेश गर्नु पर्नेछ ।

५. माथि उल्लेखित परिमाण माथि उल्लेखित कार्यालयमा सम्झौता भएको मितिले ७५ (पचहत्तर) दिन भित्र बुझाउनु पर्नेछ। कम्पनीको आवश्यकतालाई हेरी कार्यालयमा बुझाउन माथि तोकिएको परिमाणमा थपघट गर्न सकिने छ। वोलपत्र पूर्ण वा आंशिक रुपले स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार कम्पनीमा रहनेछ।

६. माथी तालिकामा तोकिएको किटनाशक विषादीको परिमाण भन्दा कम अर्थात आंशिक परिमाण बुझाउने गरी बोलपत्र पेश गर्न पाइनेछैन। आंशिक परिमाण बुझाउने गरी पेश भएको बोलपत्रत्र अस्वीकृत गरिनेछ।

७. किटनाशक विषादी खरिद/विक्री सम्वन्धि अन्य शर्तहरु बोलपत्र कागजातमा उल्लेख भए बमोजिम हुनेछ।

८. बोलपत्र सम्वन्धी शर्तहरु यो सूचना र बोलपत्र कागजातमा उल्लेखित भए जति सोही बमोजिम र अन्य यस कम्पनीको खरिद तथा आर्थिक प्रशासन विनियमावली २०७९, सार्वजनिक खरिद ऐन २०६३ (दोस्रो संशोधन) सार्वजनिक खरिद नियमावली २०६३ (संशोधित) बमोजिम हुनेछ ।

९. बोलपत्रसाथ पेश गरिएका आवश्यक कागजात (फोटोकपी) को सक्कल प्रति यथाशिघ्र प्रधान कार्यालय, खरिद विभाग (खरिद एकाई) मा बुझाउनु पर्नेछ।

१०. यस सम्बन्धमा अन्य कुरा बुझ्नु परेमा निम्न ठेगानामा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ।

प्रधान कार्यालय, खरिद एकाई, भद्रकाली प्लाजा, काठमाडौं फोन नं ०१५३६०८४४

website:www.fmtc.org.np e-mail: procurement@fmtc.org.np

बोलपत्र निवेदन फाराम

श्री खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
प्रधान कार्यालय,
भद्रकाली प्लाजा, काठमाडौं।

१. त्यस कम्पनीबाट मिति २०८३।०६।२२ गतेको गोरखापत्रमा प्रकाशित किटनाशक विषादी खरिद सम्वन्धि बोलपत्र आव्हानको सुचना अनुसार म/हामी बोलपत्र सम्बन्धी कागजातको अनुसूची १ मा उल्लेखित गुणस्तरको किटनाशक विषादी कम्पनीलाई निम्न विवरणमा उल्लेख भए अनुसारको दरमा उपलब्ध गराउन/बिक्री गर्न मन्जुर भएकाले यो बोलपत्र निवेदन फाराम पेश गरेको छु/छौं।

खरिद गरिने किटनाशक विषादीको विवरणः-

क. सं.	कार्यालय	खरिद परिमाण					कम्पनीलाई विक्री गरिने उल्लेखित कुल परिमाण किटनाशक विषादीको विक्री मूल्य एकमुष्ट कबोल दर ने. रु. मा (सम्पुर्ण कर सहित)	
		Aluminum Phosphide (Kg)	Malathion (Ltr)	Zinc Phosphide (Kg)	Omite (Ltr)	Liso Glue board (piece)	अंकमा	अक्षरमा
१	प्रादेशिक कार्यालय, विराटनगर	६६	१२	५	०	५०		
२	प्रादेशिक कार्यालय, जनकपुर	१००	५०	०	५	०		
३	प्रादेशिक कार्यालय, बागमति	५०	०	०	०	१००		
४	प्रादेशिक कार्यालय, पोखरा	३२	४३	७	१०	१५		
५	प्रादेशिक कार्यालय, भैरहवा	२३	२	३	२	०		
६	प्रादेशिक कार्यालय, सुर्खेत	७५	१३	१६	५	०		
७	प्रादेशिक कार्यालय, धनगढी	११९	४४	५.५	०.५	०		
८	मुख्य शाखा कार्यालय, विर्तामोड	२५	६	१	१	१००		
९	मुख्य शाखा कार्यालय, लहान	१७	५	१	२	०		
१०	मुख्य शाखा कार्यालय, तुल्सीपुर	४४	२३	८	०	०		
११	मुख्य शाखा कार्यालय, नेपालगंज	१७५	१००	०	५०	५००		
१२	मुख्य शाखा कार्यालय, राजापुर	२००	२००	०	२०	१००		
१३	शाखा कार्यालय, महेन्द्रनगर	४०	२५	०	०	०		
१४	शाखा कार्यालय, विरगंज	५	१०	३	१	०		
कुल परिमाण		९७१	५३३	४९.५	९६.५	८६५		

२. मैले/हामीले बोलपत्र सम्बन्धी कागजात अध्ययन गरे/गर्‍यौं। यसमा उल्लेखित सबै शर्तहरु म/हामीलाई स्वीकार्य छन् ।

३. बोलत्रपत्र जमानत वापत श्री ....बैंक .... मा रु................................. जम्मा गरेको सक्कल भौचर / श्री..बैंक .... ले श्री खाद्य व्यवस्था तथा व्यापारकम्पनी लिमिटेड, प्रधान कार्यालय, काठमाडौंको नाममा मिति ....मा जारी गरेको नं.....................................को रु. .... को बैंक ग्यारेन्टी पत्र(Bid Bond) संलग्न राखेको छु/छौं ।

बोलपत्र साथ पेश गरेका कागजात विवरण

१)

२)

३)

४)

५)

बोलपत्रदाताको दस्तखत :

बोलपत्रदाताको नाम :

ठेगाना :

प्रोप्राईटर/प्रतिनिधी :

मिति :

फोनं.नं :

इमेल :

पत्राचार गर्ने ठेगाना :

बोलपत्रदाताको छापः-

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि

खरिद एकाई प्रधान कार्यालय काठमाडौं।

बोलपत्रदातालाई निर्देशन तथा जानकारी

१. खरिद हुने किटनाशक विषादी बुझाउनु पर्ने स्थान, किटनाशक विषादीको किसिम, परिमाण, धरौटी रकम, बोलपत्र दस्तुरः-

क्र. सं.	कार्यालय	खरिद परिमाण					धरौटी रकम (रु.)	बोलपत्र दस्तुर (रु.)
		Aluminum Phosphide (Kg)	Malathion (Ltr)	Zinc Phosphide (Kg)	Omite (Ltr)	Liso Glue board (piece)		
१	प्रादेशिक कार्यालय, विराटनगर	६६	१२	५	०	५०	१,१०,०००/-	५०००/-
२	प्रादेशिक कार्यालय, जनकपुर	१००	५०	०	५	०		
३	प्रादेशिक कार्यालय, बागमति	५०	०	०	०	१००		
४	प्रादेशिक कार्यालय, पोखरा	३२	४३	७	१०	१५		
५	प्रादेशिक कार्यालय, भैरहवा	२३	२	३	२	०		
६	प्रादेशिक कार्यालय, सुर्खेत	७५	१३	१६	५	०		
७	प्रादेशिक कार्यालय, धनगढी	११९	४४	५.५	०.५	०		
८	मुख्य शाखा कार्यालय, विर्तामोड	२५	६	१	१	१००		
९	मुख्य शाखा कार्यालय, लहान	१७	५	१	२	०		
१०	मुख्य शाखा कार्यालय, तुल्सीपुर	४४	२३	८	०	०		
११	मुख्य शाखा कार्यालय, नेपालगंज	१७५	१००	०	५०	५००		
१२	मुख्य शाखा कार्यालय, राजापुर	२००	२००	०	२०	१००		
१३	शाखा कार्यालय, महेन्द्रनगर	४०	२५	०	०	०		
१४	शाखा कार्यालय, विरगंज	५	१०	३	१	०		
कुल परिमाण		९७१	५३३	४९.५	९६.५	८६५		

(ख) कम्पनीको आवश्यकता अनुसार कार्यालयमा बुझाउन माथि तोकिएको परिमाणमा थपघट गर्न सकिने छ।

२. कबुल गर्न पाइने किटनाशक विषादी परिमाण :

माथी तालिकामा तोकिएको किटनाशक विषादीको परिमाण भन्दा कम अर्थात आंशिक परिमाण बुझाउने गरी बोलपत्र पेश गर्न पाइने छैन। आंशिक परिमाण बुझाउने गरी पेश भएको बोलपत्र अस्वीकृत गरिनेछ।

३. किटनाशक विषादी बुझाउने समय :

स्वीकृत वोलपत्रदाताले किटनाशक विषादी खरिद/विक्री सम्झौता भएको ७५ (पचहत्तर) दिनभित्र सम्पूर्ण किटनाशक विषादी बुझाई सक्नु पर्नेछ। यदि नवुझाएमा सम्झौता पत्रको बुंदा ७ मा उल्लेख भए अनुसार हुनेछ ।

४. अनिवार्य पेश गर्नु पर्ने कागजातः

बोलपत्रदाताले बोलपत्रसाथ निम्न कागजात पेश गर्नु पर्ने छ ।

क) ईजाजत प्राप्त, फर्म, संस्था वा कम्पनी दर्ता प्रमाणपत्रको फोटोकपी,

ख) स्थायी लेखा नम्बर (PAN) तथा VAT दर्ता प्रमाणपत्रको फोटोकपी ,

ग) आ.व.२०८२।०८३ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र कागजातको फोटोकपी, वा म्याद थप सम्बन्धि कागजात

घ) बोलपत्रमा दस्तखत गर्ने व्यक्तिलाई दिएको अख्तियारनामा पत्र,

ङ) बोलपत्र खरिद गरेको सक्कल बैंक भौचर तथा नगद धरौटी जम्मा गरेको सक्कल बैंक भौचर वा कुनै (क) वर्गको वाणिज्य बैंकको बोलपत्र खोलेको मितिले १२० दिन अवधिको बोलपत्र जमानत (Bid bond)

च) संयुक्त उपक्रमको तर्फवाट बोलपत्र पेश गरेको भए साझेदार वीचको सम्झौता पत्र,

छ) किटनाशक विषादी खरिद/ विक्री कार्यमा भाग लिन अयोग्य नभएको, आफ्नो स्वार्थ नबाझिएको, खाद्यान्न व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको र कालोसूचीमा नपरेको भनी बोलपत्रदाताले गरेको घोषणापत्र,

५. किटनाशक विषादीको मूल्य :

बोलपत्रदाताले किटनाशक विषादी बुझाउनु पर्ने कार्यालय/स्थानहरुसम्मको मूल्य (Delivery Price) एकमुष्ट रुपमा कबोल गर्नु पर्नेछ। सो बुझाउदा लाग्ने विविध कर, Unloading, गोदाममा/कार्यालयमा मिलाएर राख्ने खर्च विक्रेताले व्यहोर्नु पर्नेछ।

६. मूल्य स्पष्ट लेख्नु पर्ने :

बोलपत्रदाताले बोलपत्र फाराममा विना केरमेट स्पष्टसंग बुझिने गरी अंक र अक्षरमा ने.रु. मा एकमुष्ट बिक्री मूल्य लेख्नु पर्नेछ। यदि अंक र अक्षरमा फरक मूल्य लेखिन गएको अवस्थामा अक्षरमा लेखिएको मूल्यलाई मान्यता दिइनेछ।

७. बोलपत्र पेश गर्ने बिधि :

बोलपत्र पेश गर्दा बोलपत्र निवेदन फारममा आधिकारिक व्यक्तिले सही छाप गरी पेश गर्नु पर्नेछ। यसरी पेश गर्दा बोलपत्र राखेको खाम बाहिर " **किटनाषक विषादी सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र"** भन्ने उल्लेख गरी तोकिएका कागजात राखी खाम शिलबन्दी गर्नुपर्नेछ। कम्पनीले विक्री गरेको प्रमाणित बोलपत्र कागजात सेट मात्र मान्य हुन्छ। साथै सम्बन्धित व्यक्ति, फर्म संस्था वा कम्पनी आफैले खरिद गरेको बोलपत्र भरी पेश गर्नु पर्नेछ ।

८. बोलपत्र सम्वन्धी कागजातका विषयहरु :

बोलपत्र सम्वन्धी कागजातमा देहायमा उल्लेखित कागजात रहने छन् ।

क) बोलपत्र आव्हानको सूचना।

ख) बोलपत्र निवेदन फाराम।

ग) बोलपत्रदातालाई निर्देशन।

घ) खरिद सम्झौता पत्रको नमूना।

ङ) किटनाशक विषादीको गुणस्तर सम्वन्धी विवरण।

९. बोलपत्र मान्य हुने अवधि :

बोलपत्र मान्य हुने अवधि (**Validity Period**) बोलपत्र पेश गर्ने अन्तिम मिति २०८३/०७/१३ गते देखि ९० दिन सम्म हुनेछ। बोलपत्र खोली सकेपछि कुनै पनि बोलपत्रदाताले आफुले कवोल गरेको अंक फेरवदल गर्न दिएको निवेदन मान्य हुने छैन।

११. बोलपत्र जमानत (**Bid Security**)

बोलपत्रदाताले बोलपत्र साथ बुदा नं.१ को विवरणमा उल्लेख भए बमोजिमको धरौटी रकम वापत कम्पनीको नेपाल बैंक लिमिटेड, धर्मपथ काठमाडौं स्थित चल्ती खाता नं. ००२००१००५०२४२४००००००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा कुनै "क" वर्गको बाणिज्य बैंकले श्री खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, प्रधान कार्यालय, काठमाण्डौको नाममा जारी गरेको कम्तिमा बोलपत्र मान्य हुने अवधी भन्दा ३० दिन बढी अर्थात बोलपत्र बुझाउने अन्तिम मिति देखि कम्तिमा १२० दिन अवधि (Validity) भएको नियमानुसारको बैंक जमानीपत्र (bank guarantee)संलग्न गर्नु पर्ने छ। बोलपत्र जमानत देहायको अवस्थामा जफत हुनेछ –

क) बोलपत्र पेश गर्ने अन्तिम मिति र समयपछि बोलपत्र मान्य हुने अवधिभित्र बोलपत्रदाताले बोलपत्र संशोधन गर्न वा फिर्ता गर्न माग गरेमा,

ख) बोलपत्रमा देखिएको अंकगणितीय त्रुटी सच्याइएको कुरा बोलपत्रदाताले स्वीकार नगरेमा,

ग) छनौट भएको बोलपत्रदाताले बोलपत्र सम्वन्धी कागजातमा उल्लेखित शर्त वमोजिम खरिद सम्झौता नगरेमा,

घ) वोलपत्र सम्वन्धी कागजातमा उल्लेखित कार्य सम्पादन जमानत बोलपत्रदाताले खरिद सम्झौता गर्ने म्यादभित्र दिन नसकेमा,

ङ) बोलपत्र परीक्षणको सिलसिलामा कम्पनीले माग गरेको कुनै जानकारी दिंदा बोलपत्रदाताले बोलपत्रको मूल्य वा सारभूत कुरा परिवर्तन गरेमा,

च) प्रचलित कानून वमोजिम बोलपत्रदाताले आचरण विपरित काम गरी कालो सूचीमा राखिएमा।

१२. किटनाशक विषादीको गुणस्तर (**Quality Standard**) :

कम्पनीले खरिद गर्ने किटनाशक विषादीको गुणस्तर (Quality Standard) संलग्न अनुसूचि १ मा उल्लेख भए बमोजिम हुनु पर्नेछ ।

१३. कार्य सम्पादन जमानत (**Performance Security**)

बोलपत्र स्वीकृत भएको सूचना प्रकाशित भएको १५ दिनभित्र खरिद/बिक्री सम्झौता बोलपत्रदाताको कुल कबोल रकमको **५%** ले हुने रकम नेपाल बैंक लिमिटेड, धर्मपथ काठमाडौं स्थित चलति खाता नं. ००२००१००५०२४२४००००००१ मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो बराबरको रकम कुनै "क" वर्गको बाणिज्य बैंकले खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड प्रधान कार्यालय काठमाण्डौंको नाममा

जारी गरेको सम्झौताको मिति देखि कम्तिमा १५० दिन अवधि (Validity) को नियमानुसारको बैंक जमानीपत्र (Performance Bond) पेश गरी सम्झौता गर्नु पर्नेछ। यदि सम्झौता वमोजिम कम्पनीलाई किटनाशक विषादी नबुझाएमा सम्झौतामा उल्लेखित शर्त वमोजिम कार्य सम्पादन जमानत रकम जफत गरिनेछ। सो सम्बन्धमा विक्रेताले कुनै उजुर बाजुर गर्न पाउने छैन।

१४. कर व्यवस्था :

कम्पनीलाई बिक्री गर्ने किटनाशक विषादी सम्बन्धी लाग्ने सम्पूर्ण कर बिक्रेता स्वयमले व्यहोर्नु पर्नेछ ।

१५. गुणस्तर परीक्षण :

किटनाशक विषादीको गुणस्तर परीक्षण किटनाशक विषादी बुझिलिने कार्यालयले गर्नेछ। गुणस्तर परीक्षण गर्दा निर्धारित गुणस्तर (अनुसूची -१) भित्र नपरेको किटनाशक विषादी बिक्रेताले फिर्ता लैजानु पर्नेछ।

१६. तौल र अवस्थाको निरीक्षण :

किटनाशक विषादीको तौल, परिमाण, सो को प्याकिङ्ग लेवलिङ प्रयोग योग्य मिति आदिको निरीक्षण किटनाशक विषादी बुझिलिने कार्यालयले गर्नेछ।

१७. बोलपत्र स्वीकृति :

बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कम्पनीसंग सुरक्षित रहनेछ। स्वीकृत बोलपत्रदाताले कम्पनीले स्वीकृत गरे अनुसार परिमाणको खरिद/बिक्री सम्झौता गर्नु पर्नेछ। शर्त थप भै पेश भएका बोलपत्रहरु स्वतः रद्द गरिनेछन्। स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको जानकारी पाएको १५ दिन भित्र किटनाशक विषादी खरीद/बिक्री सम्झौता गरी सक्नु पर्नेछ।

१८. भुक्तानी :

बिक्रेताले निम्न कागजातहरु संलग्न राखी भुक्तानी माग्न आएमा भुक्तानी माग गरेको **१५** दिन भित्र कम्पनीले नियमानुसार कट्टी गर्नु पर्ने रकम कटाई भुक्तानी दिनु पर्ने कूल रकममा रिटेन्सन मनी वापत **५%** रकम कट्टा **गरी ९५%** रकम भुक्तानी दिनेछ ।

क) बिक्रेताको बिक्री बिलको मूल प्रति ।

ख) कम्पनीको माल प्राप्ती रिर्पोटको मूल प्रति ।

ग) गुणस्तर परिक्षण रिर्पोटको मूल प्रति ।

रिटेन्सन मनी वापत कट्टा भएको रकम मध्ये ५०% रकम विक्रेताले सम्पूर्ण किटनाशक विषादी बुझाई सकेपछि क्रेतावाट कट्टी गर्नु पर्ने कुनै रकम भएमा सो कटाई भुक्तानी दिइनेछ र बांकी ५०% रकम बिक्रेताले सम्वन्धित **आन्तरिक राजस्व कार्यालयबाट** आय विवरण पेश गरेको प्रमाण कागजात पेश गरेपछि भुक्तानी दिइनेछ। कम्पनीले पेश्कीको रुपमा कुनै पनि भुक्तानी दिने छैन। किटनाशक विषादीको भुक्तानी नेट वेट (Net weight), net volume को आधारमा मात्र गरिनेछ।

१९. आपत कालिन व्यवस्था :

युद्ध, बन्द, चक्काजाम, हडताल, तालाबन्दी, बिद्रोह,बाढीपहिरो, भूकम्प,महामारी आदि काबु बाहिरका कारणले बिक्रेताले आंशिक वा पूर्ण रुपले सम्झौता बमोजिम किटनाशक विषादी बुझाउन नसकेको अवस्थामा कम्पनी र बिक्रेताको आपसि सहमतिको आधारमा गरिएको निर्णय दुवै पक्षको लागि मान्य हुनेछ।

२०. बोलपत्रदाताको योग्यता :

बोलपत्रदाताले खरिद सम्झौता गर्न बोलपत्र सम्वन्धी कागजातमा उल्लेख गरे बमोजिम योग्यता पुरा गरेको हुनु पर्नेछ ।

२१. मूल्य उल्लेख गर्ने मुद्रा :

बोलपत्रदाताले नेपाली रुपैयाँमा कवोल गरी बोलपत्र पेश गर्नु पर्नेछ ।

२२. बोलपत्र मूल्याङ्कन गर्ने आधार :

सार्वजनिक खरिद ऐन, २०६३ (दोस्रो संशोधन) सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधित) र खरिद तथा आर्थिक प्रशासन सम्बन्धि विनियमावली, २०७९ तथा नेपालको प्रचलित कानुन अनुसार बोलपत्र मूल्याङ्कन गरिनेछ।

२३. कारवाही :

स्वार्थ बाझिने **(Conflict of Interest)** भएमा त्यस्ता बोलपत्र उपर कारवाही हुने छैन। यस्तै जालसाजी वा भ्रष्टाचार गरेमा प्रचलित नेपाल कानून बमोजिम कारवाही हुनेछ।

२४. पुनरावलोकन वा निवेदन दिन सकिने :

बोलपत्रदाताले, कम्पनीले बोलपत्र सम्वन्धी कारवाही गर्दा गरेको त्रुटी वा निर्णय विरुद्ध नियमानुसार पुनरावलोकनको लागि निवेदन दिन सक्ने छन्।

२५. बोलपत्र सम्वन्धी शर्त :

बोलपत्र सम्वन्धी शर्तहरु बोलपत्र कागजातमा उल्लेखित भएजति सोही बमोजिम र अन्यको हकमा सार्वजनिक खरिद ऐन, २०६३ (दोस्रो संशोधन) सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधित) र खरिद तथा आर्थिक प्रशासन सम्बन्धि विनियमावली, २०७९ तथा नेपालको प्रचलित कानून अनुसार हुने छन्।

२६. पत्राचार वा सम्पर्क :

कम्पनीसंग बोलपत्र सम्बन्धी सम्बाद वा पत्राचार गर्नु परेमा निम्न ठेगानामा गर्नु पर्ने छ।

खरिद विभाग (खरिद एकाई) प्रधान कार्यालय काठमाडौ फोन नं. ०१५३६०८४४

website: www.fmtc.org.np, Email:procurement@fmtc.org.np

मिति २०८३।   ।

श्री खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
.... कार्यालय,
.... ।

विषय :- घोषणापत्र पेश गरेको बारे ।

उपरोक्त सम्बन्धमा आर्थिक वर्ष २०८३।०८४ मा बिभिन्न कार्यालयको लागि किटनाशक विषादी खरिद/बिक्री गर्नका लागि बोलपत्र आव्हान भए अनुसार किटनाशक विषादी खरिद बिक्रीका लागि यस कम्पनीले बोलपत्र पेश गरेको छु/छौं। उक्त कार्यका लागि यो फर्म/कम्पनी अयोग्य नभएको, आफ्नो स्वार्थ नबाझिएको, कालो सूचीमा नपरेको, किटनाशक विषादी खरिद विक्री व्यवसाय सम्बन्धि कसुरमा आफुले सजाय नपाएको भनी घोषणा गर्दछु/गर्दछौं।

भबदीय

कम्पनीको नामः-

ठेगानाः-

प्रोपाईटरको नाम :-

दस्तखतः-

मितिः-

फर्म/कम्पनीको छापः-

अनुसूची-१

किटनाशक विषादीको Specification

क्र. सं.	विषादीको नाम	Specification	कैफियत
.1	Aluminium Phosphide (Tablet/or Pouch)	(56-57% ALP)	Expiry Date: Min. 12 months
.2	Malathion	(50% EC)	Expiry Date: Min. 12 months
.3	Zinc Phosphide	(< 80% ZnP)	Expiry Date: Min. 12 months
.4	Omite	(< 57%)	Expiry Date: Min. 12 months
.5	Liso (pcs) Glue board	Length ≤ 20cm Breadth ≤15cm Weight ≤130gm	Expiry Date: Min. 12 months

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
प्रधान कार्यालय, काठमाडौं

र

....

का
वीच सम्पन्न

किटनाशक विषादी
खरिद/विक्री सम्वन्धी

सम्झौता पत्र

मिति :-

विषय सूची

१) किटनाशक विषादीको किसिम, परिमाण, बुझाउनु पर्ने स्थान र समय तालिका

२) किटनाशक विषादीको गुणस्तर

३) किटनाशक विषादीको मूल्य

४) भुक्तानी

५) कर व्यवस्था

६) कार्य सम्पादन जमानत

७) शर्त उलंघन, हर्जाना असुली र धरौटी जफत

८) आपतकालिन व्यवस्था

९) विविध

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि.
प्रधान कार्यालय, काठमाडौ
किटनाशक विषादी खरिद/विक्री सम्वन्धी सम्झौता पत्र

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, प्रधान कार्यालय, काठमाडौं (जसलाई यसपछि यो सम्झौता, पत्रमा "कम्पनी" भनी सम्वोधन गरिएको छ) र श्री .... (जसलाई यसपछि यो सम्झौता पत्रमा "विक्रेता" भनी सम्वोधन गरिएको छ) का वीच .... किटनाशक विषादी खरिद/विक्री सम्वन्धमा दुवै पक्षको सहमतिले देहायमा उल्लेखित शर्त अनुसार गर्ने गरी आज मिति ....गतेका दिन कम्पनीको प्रधान कार्यालयमा बसी साक्षीहरुको रोहवरमा यो सम्झौता पत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौं/दियौं।

१. किटनाशक विषादीको किसिम, परिमाण, बुझाउनु पर्ने स्थान र समय तालिका :

१.१ कम्पनीले विक्रेतावाट तपशिलको परिमाण किटनाशक विषादी कम्पनीको तपशिलका कार्यालयहरुमा खरिद गर्नेछ।

क्र. सं.	कार्यालय	खरिद परिमाण				
		Aluminum Phosphide (Kg)	Malathion (Ltr)	Zinc Phosphide (Kg)	Omite (Ltr)	Liso Glue board (piece)
१	प्रादेशिक कार्यालय, विराटनगर	६६	१२	५	०	५०
२	प्रादेशिक कार्यालय, जनकपुर	१००	५०	०	५	०
३	प्रादेशिक कार्यालय, बागमति	५०	०	०	०	१००
४	प्रादेशिक कार्यालय, पोखरा	३२	४३	७	१०	१५
५	प्रादेशिक कार्यालय, भैरहवा	२३	२	३	२	०
६	प्रादेशिक कार्यालय, सुर्खेत	७५	१३	१६	५	०
७	प्रादेशिक कार्यालय, धनगढी	११९	४४	५.५	०.५	०
८	मुख्य शाखा कार्यालय, विर्तामोड	२५	६	१	१	१००
९	मुख्य शाखा कार्यालय, लहान	१७	५	१	२	०
१०	मुख्य शाखा कार्यालय, तुल्सीपुर	४४	२३	८	०	०
११	मुख्य शाखा कार्यालय, नेपालगंज	१७५	१००	०	५०	५००
१२	मुख्य शाखा कार्यालय, राजापुर	२००	२००	०	२०	१००
१३	शाखा कार्यालय, महेन्द्रनगर	४०	२५	०	०	०
१४	शाखा कार्यालय, विरगंज	५	१०	३	१	०
कुल परिमाण		९७१	५३३	४९.५	९६.५	८६५

१.२ उक्त सम्पूर्ण परिमाण किटनाशक विषादी विक्रेताले कम्पनीको माथी उल्लेखित कार्यालय स्थित गोदाममा यो सम्झौता भएको मितिले ७५ (पचहत्तर) दिन भित्र बुझाउनु पर्नेछ।

१.३ कम्पनीको आवश्यकतालाई हेरी बुझाउनु पर्ने परिमाणमा थप घट गर्न सकिने छ। यसरी परिमाण थप भएमा दुई पक्षीय सहमतिमा बुझाउने मनासिव समय आपसी सहमतिमा थप गरिने छ ।

२. <u>किटनाशक विषादीको गुणस्तर :-</u>

२.१ कम्पनीले विक्रेतावाट खरिद गर्ने..........................किटनाशक विषादीको गुणस्तर अनुसूची -१ बमोजिम हुनेछ :

३. <u>किटनाशक विषादीको मूल्य :-</u>

३.१ कम्पनीले विक्रेतावाट खरिद गर्ने तपशिलको किटनाशक विषादी कम्पनीको तपशिलको गोदाममा बुझाउने एकमुष्ट मूल्य (Godown Delivery Price) तपशिलका दरले हुनेछ।

क्र. सं.	कार्यालय	खरिद परिमाण					कम्पनीलाई विक्री गरिने उल्लेखित कुल परिमाण किटनाशक विषादीको विक्री मूल्य एकमुष्ट कबोल दर ने. रु. मा (सम्पुर्ण कर सहित)	
		Aluminum Phosphide (Kg)	Malathion (Ltr)	Zinc Phosphide (Kg)	Omite (Ltr)	Liso Glue board (piece)	अंकमा	अक्षरमा
१	प्रादेशिक कार्यालय, विराटनगर	६६	१२	५	०	५०		
२	प्रादेशिक कार्यालय, जनकपुर	१००	५०	०	५	०		
३	प्रादेशिक कार्यालय, बागमति	५०	०	०	०	१००		
४	प्रादेशिक कार्यालय, पोखरा	३२	४३	७	१०	१५		
५	प्रादेशिक कार्यालय, भैरहवा	२३	२	३	२	०		
६	प्रादेशिक कार्यालय, सुर्खेत	७५	१३	१६	५	०		
७	प्रादेशिक कार्यालय, धनगढी	११९	४४	५.५	०.५	०		
८	मुख्य शाखा कार्यालय, विर्तामोड	२५	६	१	१	१००		
९	मुख्य शाखा कार्यालय, लहान	१७	५	१	२	०		
१०	मुख्य शाखा कार्यालय, तुल्सीपुर	४४	२३	८	०	०		
११	मुख्य शाखा कार्यालय, नेपालगंज	१७५	१००	०	५०	५००		
१२	मुख्य शाखा कार्यालय, राजापुर	२००	२००	०	२०	१००		
१३	शाखा कार्यालय, महेन्द्रनगर	४०	२५	०	०	०		
१४	शाखा कार्यालय, विरगंज	५	१०	३	१	०		
कुल परिमाण		९७१	५३३	४९.५	९६.५	८६५		

३.२ कम्पनीलाई किटनाशक विषादी बुझाउँदा ढुवानी, लोडिङ्ग/अनलोडिङ्ग, तौलाई, चौकाई आदि सम्वन्धी सम्पूर्ण खर्च विक्रेताले व्यहोर्नु पर्नेछ।

४. भुक्तानी :-

४.१ कम्पनीले पेश्कीको रुपमा कुनै पनि भुक्तानी दिने छैन ।

४.२ विक्रेताले आफूले बुझाएको परिमाण किटनाशक विषादीको निम्न कागजातहरु संलग्न राखी भुक्तानी माग गर्नु पर्नेछ।

(क) विक्रेताको विक्री बिलको मूल प्रति,

(ख) कम्पनीको माल प्राप्ती रिपोर्टको मूल प्रति,

(ग) गुणस्तर परीक्षण रिपोर्टको मूल प्रति ।

यसरी भुक्तानी माग गरेको १५ (पन्ध्र) दिनभित्र कम्पनीले नियमानुसार कट्टी गर्नुपर्ने रकम कटाई भुक्तानी दिनु पर्ने कूल रकमबाट रिटेन्सन मनी वापत ५% रकम कट्टा गरी ९५% रकम भुक्तानी दिनेछ ।

४.३ कम्पनीले किटनाशक विषादी बुझी सकेपछि विक्रेतालाई अविलम्व माल प्राप्ति रिपोर्ट र गुणस्तर परिक्षण रिपोर्ट उपलव्ध गराउने छ ।

४.४ कम्पनीले रिटेन्सनमनी वापत कट्टी भएको रकम मध्ये ५०% रकम विक्रेताले सम्पूर्ण किटनाशक विषादी बुझाई सकेपछि विक्रेतावाट कट्टी गर्नु पर्ने कुनै रकम भएमा सो कटाई भुक्तानी दिनेछ र बांकी ५०% रकम बिक्रेताले सम्वन्धित आन्तरिक राजस्व कार्यालयबाट आय विवरण पेश गरेको प्रमाण कागजात पेश गरेपछि भुक्तानी दिनेछ।

५. कर व्यवस्था :-

५.१ कम्पनीलाई विक्री गर्ने किटनाशक विषादी सम्वन्धी लाग्ने सम्पूर्ण कर विक्रेताले व्यहोर्ने छ ।

५.२ कम्पनीलाई किटनाशक विषादी विक्री गर्दा विक्रेताले कानून बमोजिम लाग्ने सवै कर भुक्तानी गर्नु पर्नेछ।

६. कार्य सम्पादन जमानत (**Performance security**) :-

६.१ विक्रेताले यो सम्झौताको कार्य सम्पादन जमानत (धरौटी) वापत श्री .... ले मिति .... मा कम्पनीको नाममा जारी गरेको रु........................को हद म्याद................ सम्म रहेको बैंक जमानीपत्र (**Performance Bond**)___/नगद रू. ....अक्षरेपी .... राखेको छ ।

६.२ विक्रेताले कम्पनीलाई यो सम्झौता बमोजिम बुझाउनु पर्ने सम्पूर्ण किटनाशक विषादी बुझाई सकेपछि कम्पनीले ३० दिनभित्र विक्रेताको बैंक जमानीपत्र (**Performance Bond**) फुकुवा गर्नेछ ।

७. शर्त उल्लंघन, हर्जाना, असुली र धरौटी जफत :-

७.१ विक्रेताले कम्पनीलाई यो सम्झौता भएको मितिले ७५ (पचहत्तर) दिन भित्र सम्पूर्ण किटनाशक विषादी बुझाउनु पर्नेछ। नबुझाएमा देहाय बमोजिम हुनेछ ।

(क) यो सम्झौता भएको मितिले ७५ (पचहत्तर) दिन पछि थप १ महिना सम्म कुल सम्झौता रकमको ०.०५% दरले र सो पश्चात थप ३० दिन सम्म रु. १/- (एक रुपैयाँ) प्रति के.जी./प्रति लिटर प्रति थान प्रति दिनका दरले हर्जाना असुल गरी किटनाशक विषादी बुझ्ने छ। तर काबु बाहिरको परिस्थिति परी वा विक्रेताको कुनै गल्ती वा लापरबाही नभई किटनाशक विषादी बुझाउन ढिला भएको हो भन्ने कम्पनीलाई लागेमा विना हर्जाना पनि किटनाशक विषादी बुझ्न सक्नेछ।

(ख) माथि बुँदा ७.१ (क) मा उल्लेखित अवधिमा पनि बुझाउन बाँकी सम्पूर्ण परिमाण किटनाशक विषादी नबुझाएमा बुझाउन बाँकी जति परिमाणको कम्पनीले अन्य श्रोतवाट खरिद गर्दा, यसै सम्झौता अनुसारको खरिद विक्री मूल्य भन्दा वढी/थप लाग्ने रकम विक्रेताको यस कम्पनीमा रहेको दिन बाँकी रकम, रिटेन्सन मनी, धरौटी आदिवाट असुल उपर गरी हिसाव फर/फारक गर्नेछ।

७.२ कम्पनीले विक्रेतावाट ७.१ अनुसार हर्जाना असुल गर्नुपर्ने भएमा किटनाशक विषादीको मुल्य रकमबाट वा विक्रेतालाई भुक्तानी गर्न बाँकी ५% रकम वा कार्य सम्पादन जमानत वापत राखेको नगद धरौटी/बैंक जमानीपत्र **(Performance Bond)** रकमवाट असुल गर्नेछ ।

८. आपतकालिन व्यवस्था :

युद्ध, बन्द, चक्काजाम, हड्ताल, तालावन्दी, नागरिक विद्रोह, बाढी पहिरो, भूकम्प, हिमपात, महामारी आदि कावु वाहिरका कारणले आँशिक वा पूर्ण रुपले सम्झौता कार्यान्वयनमा व्यवधान उत्पन्न हुन गएमा त्यस्तो अवस्थामा दुवै पक्षको आपसी प्रयासवाट उपयुक्त सहमति बनाइ म्याद थप गर्न सकिनेछ ।

९. विविध :-

९.१ यो सम्झौताका कुनै एक वा एक भन्दा वढी शर्त कार्यान्वयन सम्वन्धमा विवाद उत्पन्न भएमा दुवै पक्ष बसी आपसी सहमतिवाट विवादको टुङ्गो लगाइनेछ। यसरी विवादको टुङ्गो नलागेमा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधित) को विवाद समाधान सम्वन्धी व्यवस्थामा उल्लेखित प्रावधान अनुरुप टुंगो लगाइने छ।

९.२ यो सम्झौताको कुनै एक वा एकभन्दा वढी शर्त संशोधन गर्न आवश्यक भएको भनी दुवै पक्ष सहमत भएमा दुवै पक्षको लिखित सहमतिवाट संशोधन गर्न सकिनेछ ।

९.३ यो सम्झौताको म्याद सम्झौता भएको मितिले ४ महिना सम्म कायम रहनेछ ।

९.४ यो सम्झौतामा उल्लेख नभएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ (दोस्रो संशोधन) र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधित), खरिद तथा आर्थिक प्रशासन सम्बन्धि विनियमावली, २०७९ तथा प्रचलित नेपाल कानून बमोजिम हुने छन् ।

९.५ यो संझौता बमोजिमको किटनाशक विषादी तोकिएको पचहत्तर दिन भित्र तोकिएको स्थानहरुमा बुझाउनु पर्नेछ।

बोलपत्रदाताको तर्फवाट :-

फर्म, संस्था वा कम्पनीको नाम :

प्रो. वा प्रतिनिधीको नाम :

दस्तखत :

फोन/मोबाईल नं/ इमेल :

कम्पनीको तर्फवाट :-

नाम :

पद :

दस्तखत :

फोन/मोबाईल नं/ इमेल :

साक्षी :

(१) नाम :

दस्तखत :

मोबाईल नं :

(२) नाम :

दस्तखत :

मोबाईल नं :

साक्षी :

(१) नाम :

दस्तखत :

मोबाईल नं :

(२) नाम :

दस्तखत :

मोबाईल नं :

ईति सम्वत् २०८३ साल .... महिना .... गते .... रोज शुभम् ।